# भजनी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, भजनी, कैलाली

(प्रथम पटक प्रकाशन मिति २०७५/०१/२४

बिषय: सिलबन्दी दरभाउपत्र आव्हानको सूचना |

यस नगरपालिकालाई आबश्यक पर्ने वडा नं ६ र ८ को लागि ह्युम पाईप (Hume Pipe) र बिद्युत पोल सप्लाई गर्न इच्छुक इजाजतपत्र प्राप्त कम्पनिले तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ औ दिन सम्म रितपुर्बकको सिलबन्दी दरभाउपत्र पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ |

<u>तपशिल:</u>

१- कम्पनि दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिब्रिधि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नं.(PAN)प्रमाणित प्रमाणपत्र, आ.ब. २०७३-०७४ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र पेश गरेपछि नियमानुसार सिलबन्दी दरभाउपत्र फाराम रु १०००/- बुझाई रकम फिर्ता नहुने गरि यस कार्यालयबाट उपलब्ध गराइने छ |

२- ह्युम पाईप र पोल सप्लाईको लागि मान्यता प्राप्त कंक्रिट कम्पनि हुनु पर्नेछ |

३. खरिद गरिएका सिलबन्दी दरभाउपत्र फारामहरुको महल हरु स्पस्ट रुपमा भरि प्रत्येक पानामा सहि छाप गरि प्रथम पटक सुचना प्रकाशित भएको मिति देखि १६ औ दिनको १२:०० बजेभित्र सिलबन्दी दरभाउपत्र दर्ता गराउन सकिनेछ |

४- सिलबन्दी दरभाउपत्र फाराम साथ जमानत बाफतको रकम यस कार्यालयको कृषि बिकाश बैंक सुखड कैलालीमा रहेको खाता नं. -०८२२३०१००५८८२०८९(धरौटी खाता) मा जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारि गरिएको १२० दिन मान्य अबधि भएको जमानत पत्र (Bid Bond) सिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्ने छ |यसरी पेश गरिने जमानत बाफतको भौचर, रसिद वा बिड बन्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मात्र मान्यता दिईनेछ |

५- दर्ता हुन आएका सिलबन्दी दरभाउपत्र फारामहरु यस कार्यालयमा दरभाउ पत्र दर्ताहरु वा निजको प्रतिनिधिहरुको रोहबरमा १६ औ दिनको २:०० बजे खोलिनछ | तर निजहरुको अनुपस्थितिमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन | फाराम खरिद गर्ने वा दाखिला गर्न दिन सार्बजनिक बिदा परेमा उक्त कार्यहरु बिदा पछिको कार्यालय खोलेको दिन सोहि समयमा हुनेछ |

६- प्राप्त सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ |रित नपुगेका र म्याद नाघी आएका दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन |

७- कम्पनीले सिलबन्दी दरभाउपत्रमा उल्लेख भए बमोजिमको स्पेसिफिकेसन अनुशारको ह्युम पाइप उपलब्ध गराउनु पर्नेछ |

८- रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ | अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएको कुरा मान्य हुनेछ |

९- अन्य कार्यविधिहरु सार्बजनिक खरिद ऐन २०६३ तथा सार्बजनिक खरिद नियमावली २०६४ अनुशार हुनेछ |

१०- सिलबन्दी दरभाउपत्र सम्बन्धी थप जानकारीका लागि कार्यालयको फोन नं. ०९१-५८०१०१ मा सम्पर्क गर्न सकिनेछ |

| ठेक्का नं. | विवरण | आबश्यक संख्या | लागत इस्टिमेट रकम (मु.अ.क.समेत) | बोलपत्र फाराम दस्तुर | जमानत रकम |
|---|---|---|---|---|---|
| ५/२०७४/०७५ | ईलेक्ट्रिक कंक्रिट पोल ९ मि लामो | २२७ वटा | १९,४६,९१०.९/- | १०००/- | ४९०००/- |
| ७/२०७४/०७५ | Hume Pipe 600 mm and 900mm dia NP3 of 2.5 m | ५४वटा-600mm dia, १२ वटा – 900 mm dia | १५,०४,०४१.३०/- | १०००/- | ३८,०००/- |

२०७५/०१/२४

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत